# आ.व. २०८१/०८२ को बजेट बक्तव्य

# जोरायल गाउँपालिका

**जोरायल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रावतकट्टे, डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

# जोरायल गाउँपालिका उपाध्यक्ष

## श्री जमुना कुमारी बोहरा ज्यू ले

## जोरायल गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा

## प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०८१/०८२ को

# बजेट बक्तव्य

**जोरायल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रावतकट्टे, डोटी**

**मिति २०८१ असार १० गते सोमबार**

**सभा अध्यक्ष महोदय,**

**सभा सदस्य ज्यूहरु,**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम जोरायल गाउँपालिका उपाध्यक्षको हैसियतले जोरायल गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेकी छु ।

यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटलाई अभिमुख गरेका छौं ।

**सभा अध्यक्ष महोदय,**

**जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- जोरायल गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- स्थानीय तह स्व-मूल्याङ्कनका आधारहरु
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधिका आधारहरु
- विगतका आर्थिक वर्षहरुमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
- विभिन्न साझेदार संस्थाहरुसंग भएका सहकार्यको प्रतिवद्धता
- गाउँपालिका आन्तरिक श्रोत साधनहरु

**सभा अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अमुमती चाहन्छु ।**

चालु आर्थिक वर्ष २०८०/०८१ को लागि चालु तर्फ रु ४१ करोड ९३ लख ८५ हजार र पुँजीगत तर्फ रु ११ करोड ४४ लाख १७ हजार गरी रु ५३ करोड ३८ लाख ०२ हजार विनियोजन भएकोमा २०८१ असार ९ गतेसम्म चालु तर्फ रु २८ करोड १२ लाख ७३ हजार प्रगति देखिएको छ, जुन कूल चालु बजेटको ६७.०६ प्रतिशत हुन आउँछ, त्यसैगरी पुँजीगत तर्फ रु ७ करोड ०५ लाख ३५ हजार प्रगति देखिएको छ, जुन कूल पुँजीगत बजेटको ६१.६४ प्रतिशत हुन आउँछ । यसप्रकार कूल खर्च रु रु ३५ करोड १८ लाख ०९ हजार भएको छ, जुन कूल बजेटको ६५.९१ प्रतिशत खर्च प्रगति हुन गएको छ ।

**सभा अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी
- जनताको जिवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग
- लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि
- महिला, वालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ
- दीगो विकास, वातावरण संरक्षण र सम्वर्द्धन गर्न सघाउ
- पूर्वाधार विकास तथा ग्रामीण विद्युतीकरण
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन
- फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलको सरसफाई
- ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन
- स्थानीय लोक संस्कृति तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण
- पर्यटन विकास

**सभा अध्यक्ष महोदय,**

**अब म यस जोरायल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को कूल आय र विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

❖ **आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय विवरणः**

(क) संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानः रु २७ करोड १८ लाख ५५ हजार

(ख) प्रदेश सरकार शसर्त अनुदानः रु ६६ लाख ३० हजार

(ग) संघीय सरकार समानिकरण अनुदानः रु ८ करोड ९४ लाख

(घ) प्रदेश सरकार समानिकरण अनुदानः रु ७८ लाख ०९ हजार

(ङ) संघीय सरकार राजश्व बाँडफाँडः रु १० करोड ७५ लाख

(च) प्रदेश सरकार राजश्व बाँडफाँडः रु ३८ लाख ०२ हजार

(छ) संघीय समपुरक अनुदानः रु १ करोड २० लाख

(ज) प्रदेश सरकार समपुरक अनुदानः रु ९३ लाख

(झ) प्रदेश सरकार विशेष अनुदानः रु ७५ लाख

(ञ) गाउँपालिकाको आन्तरिक राजश्व र चालु वर्षको नगद मौज्दात अनुमानः रु ३ करोड २० लाख

**कूल जम्मा अनुमानित बजेटः रु ५४ करोड ७७ लाख ९६ हजार**

❖ **आर्थिक वर्ष २०८१/०८२ को व्यय विवरणः**

(क) पालिकास्तरीय योजना तथा कार्यक्रमहरुः रु ४ करोड ६२ लाख ६० हजार

(ख) वडास्तरीय योजना तथा कार्यक्रमहरुः रु २ करोड ४३ लाख ५४ हजार

(ग) विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्चः रु ४ करोड ७४ लाख ५० हजार

(घ) गाउँ कार्यपालिकाको प्रशासनिक खर्चः रु ७ करोड ७६ लाख ९७ हजार

(ङ) वडा कार्यालय तर्फ प्रशासनिक खर्चः रु ३० लाख

(च) गाउँ कार्यपालिकाको पुँजीगत खर्चः रु ७० लाख

(छ) गाउँ कार्यपालिकाको चालु कार्यक्रम खर्चः रु ६५ लाख ५० हजार

(ज) संघीय सरकारबाट हस्तान्तिरत शसर्त अनुदानः रु २७ करोड १८ लाख ५५ हजार

(झ) प्रदेश सरकार शसर्त अनुदानः रु ६६ लाख ३० हजार

(ञ) संघीय समपुरक अनुदानः रु १ करोड २० लाख

(ट) प्रदेश सरकार समपुरक अनुदानः रु ९३ लाख

(ठ) प्रदेश सरकार विशेष अनुदानः रु ७५ लाख

(ड) संघीय समपुरक अनुदानमा पालिका साझेदारीः रु १ करोड २० लाख

(ढ) प्रदेश समपुरक अनुदानमा पालिका साझेदारीः रु ९३ लाख

(ण) GIZ/GRAPE परियोजना पालिका साझेदारीः रु ३१ लाख

(त) झोलुङ्गे पुल पालिका साझेदारीः रु ३८ लाख

**कूल जम्मा व्यय अनुमान रु ५४ करोड ७७ लाख ९६ हजार**

**सभा अध्यक्ष महोदय,**

यसरी कूल बजेट अन्तर्गत चालु तर्फ रु. ४२ करोड २४ लाख **६१** हजार र पुँजीगत तर्फ रु. **१२** करोड **५**३ लाख **३५** हजार विनियोजन गरिएको छ । आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय व्ययको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

**सभा अध्यक्ष महोदय,**

**अब म विभिन्न संघसंस्थाहरुको साझेदारीमा संचालन हुने कार्यक्रमहरु तथा बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

जोरायल गाउँपालिका र GIZ/GRAPE परियोजनाको साझेदारीमा **जलवायुमैत्री कृषि प्रणालीमा आधारित परियोजना** कार्यान्वयन गर्नका लागि वडा नं. ४ को शान्तिनगर/गाणेशाल र वडा नं. ६ को गाबरमा संचालन भइरहेका कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । यसका लागि गाउँपालिकाको साझेदारी तर्फ रु **३१** लाख बजेट विनियोजन भएको छ ।

जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) मार्फत जोरायल गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा **समानुकूलित जिविकोपार्जनका लागि साना किसानहरुको क्षमता अभिवृद्धि कार्यक्रम (सक्षम)** संचालन गर्नका लागि रु ४**५** लाख २९ हजार बराबरको बजेट पेश भएको छ।

KNH जर्मनीको सहयोगमा सामुदायिक विकास मञ्च नेपालद्धारा जोरायल गाउँपालिकाको ६ वटै वडाहरुमा **महिला शसक्तिकरण तथा बाल अधिकार प्रवर्द्धन कार्यक्रम (समानता परियोजना)** संचालन गर्नका लागि रु **३**२ लाख २**१** हजार बराबरको बजेट पेश भएको छ ।

राष्ट्रिय वातावरण तथा समविकास समाज नेपाल (निड्स नेपाल) मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत सशक्त महिलाः समृद्ध नेपाल, वातावरण उत्थानशिल खानेपानी सरसफाई तथा स्वचछता कार्यक्रम संचालन गर्नका लागि रु २**५** लाख **३**२ हजार बराबरको बजेट पेश भएको छ ।

वाक नेपाल मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत एचआईभी/टिबि परियोजना संचालन गर्नका लागि रु ४९ हजार बराबरको बजेट पेश भएको छ ।

**सभा अध्यक्ष महोदय,**

**सभा सदस्य ज्यूहरु,**

**अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमाका क्रममा मार्गदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्यहरु, वडा समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

सबै जोरायलवासी आमाबुबा, दाजुभाई, दिदी बहिनीहरुलाई जोरायलको विकास तथा जोरायली नागरिकको जीवनस्तरमा सुधार ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद !**

जमुना कुमारी बोहरा
गाउँपालिका उपाध्यक्ष
जोरायल गाउँपालिका डोटी